नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## पाँचथर, फिदिम

पत्र सख्या -: २०७७/०७८ मिति २०७८।०१।२६

चलानी नं. २३४२

बिषयः DCCMC बैठकको निर्णय पठाईएको सम्बन्धमा।

श्री गृह मन्त्रालय,
शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा,
सिंहदरबार काठमाडौं।

उपर्युक्त सम्बन्धमा पाँचथर जिल्लाका प्रमुख जिल्ला अधिरकारी एवं जिल्ला COVID-19 Crisis Management Center (DCCMC) का अध्यक्ष श्री पुण्य प्रसाद ढकालको अध्यक्षतामा मिति २०७८।०१।२६ गते बसेको COVID - 19 Crisis Management Center (DCCMC) बसेको बैठकको निर्णय यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा आदेश अनुसार अनुरोध छ।

२०७८-१-२६
धनञ्जय कुमार शाह
सहायक प्रमुख जिल्ला अधिकारी

बोधार्थः

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाण्डौं।
श्री नेपाल सरकार, कोभिड १९ संकट व्यवस्थापन सञ्चालन केन्द्र, छाउनी, काठमाण्डौं।
श्री आन्तरिक मामिला तथा कानुन मन्त्रालय, प्रदेश नं. १, विराटनगर, मोरङ।
श्री रणशेर गण, पाँचथर।
श्री जिल्ला प्रहरी कार्यालय, पाँचथर।
श्री सशस्त्र प्रहरी वल नेपाल, नं. २ गुल्म हे.क्वा.
श्री राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथर।
श्री जिल्ला समन्वय समितिको, कार्यालय पाँचथर।
श्री स्वास्थ्य कार्यालय, पाँचथर।
श्री जिल्ला अस्पताल, पाँचथर।
श्री फिदिम नगरकार्यपालिकाको कार्यालय, पाँचथर।

आज मिति २०७८।०१।२६ गते जिल्ला प्रशासन कार्यालय, पाँचथरका प्रमुख जिल्ला अधिकारी एवं District COVID-19 Crisis Management Center का अध्यक्ष श्री पुण्य प्रसाद ढकालको अध्यक्षतामा बैठक बसी देहाय बमोजिमको उपस्थितिमा तपशिल बमोजिम निर्णय गरियो।

**उपस्थितिः-**

| | | | |
|---|---|---|---|
| सल्लाहकार | समन्वय प्रमुख | विष्णु प्रसाद सापकोटा | जिल्ला समन्वय समिति, पाँचथर |
| सल्लाहकार | प्रमुख | ओनाहाङ नेम्बाङ | फिदिम न.पा. पाँचथर |
| अध्यक्ष | प्र.जि.अ. | पुण्य प्रसाद ढकाल | जिल्ला प्रशासन कार्यालय, पाँचथर |
| सदस्य | प्र.प्र.अ. | अम्बिका प्रसाद अधिकारी | फिदिम नगरपालिका, पाँचथर |
| सदस्य | नि.जि.स.अ. | केशव प्रसाद अर्याल | जिल्ला समन्वय समिति, पाँचथर |
| सदस्य | सेनानी | हरी प्रसाद घिमिरे | रणशेर गण |
| सदस्य | प्रहरी नायब उपरीक्षक | दान बहादुर थापा | जिल्ला प्रहरी कार्यालय, पाँचथर |
| सदस्य | सशस्त्र प्रहरी नायब उपरीक्षक | किशोर कुमार श्रेष्ठ | स.प्र.बल. नेपाल, नं. २ गुल्म हे. क्वा. |
| सदस्य | प्रमुख अनुसन्धान अधिकृत | रमेश अधिकारी | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय |
| सदस्य | प्रमुख | डा. बुद्धी बहादुर थापा | जिल्ला अस्पताल, पाँचथर |
| सदस्य | नि. प्रमुख | नारद सुबेदी | स्वास्थ्य कार्यालय, पाँचथर |
| सदस्य | स.प्र.जि.अ. | धनञ्जय कुमार शाह | जिल्ला प्रशासन कार्यालय, पाँचथर |

**आमन्त्रितः-**

| | | |
|---|---|---|
| अध्यक्ष | राज कुमार भण्डारी | नेपाल कम्युनिष्ट एमाले |
| सभापती | नरेन्द्र कुमार केरुङ | नेपाली काङग्रेश |
| अध्यक्ष | होम बहादुर जवेगु | ने.क.पा. माओबादी केन्द्र |
| अध्यक्ष | लक्ष्मण लावती | जनता समाजबादी पार्टी |
| अध्यक्ष | राज कुमार जोशी | स.ज.पा. |
| के.पा.स. | लय प्रसाद बास्कोटा | नेकपा माले |
| अध्यक्ष | चन्द्रराज आङदेम्बे | लिम्बुवान पार्टी |
| कार्यालय प्रमुख | युग मणि सबेहाङ | शिक्षा इकाई कार्यालय |
| अध्यक्ष | दिपक नेपाल | उ.बा. संघ |
| अध्यक्ष | गिरीराज बास्कोटा | पत्रकार महासंघ |
| सभापति | कृष्ण बासकोटा | नेपाल रेडक्रश |

**निर्णय नं.१**

यस भन्दा पहिला बसेको District Covid-19 Crisis Management Center (DCCMC) को यसभन्दा पहिलेका बैठकहरुको निर्णय समिक्षा गरियो।कार्यान्वयन हुन बाँकी विषयहरु यथाशीघ्र कार्यान्वयन गर्ने।

**निर्णय नं.२**

विश्वभर फैलदैं गईरहेको नयाँ भेरियन्टको कोभिड-१९ महामारी नेपालमा समेत फैलिएको र पछिल्ला दिनहरुमा छिमेकी जिल्लाहरुमा समेत संक्रमण तीब्ररुपमा बढिरहेको र पाँचथर जिल्लामा कोभिड- १९ को संक्रमणको अवस्थालाई मध्यनजर गरी उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागि संक्रामक रोग ऐन, २०२० को दफा-२ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा-६ को उपदफा-३ बमोजिम प्रमुख जिल्ला अधिकारीलाई दिएको अधिकार प्रयोग गरि मिति २०७८/०१/२७ गते सोमवार मध्यराती १२:०० बजे देखि मिति २०७८/०२/०३ गते सोमबार मध्यराती १२:०० बजेसम्म पाँचथर जिल्लाभर लागू हुने गरी देहाय बमोजिमको निषेधाज्ञाको आदेश जारी गर्ने निर्णय गरियो।

**सर्वसाधरणको हकमा**

- अत्यावश्यक काम, औषधी खाद्यबस्तु तथा अत्यावश्यक बस्तु वा सेवा खरिद बाहेक घरबाट बाहिर ननिस्किने।
- नेपाल सरकारद्धारा जारी गरिएका स्वास्थ्य सम्बन्धी मापदण्ड जस्तैः- सामाजिक दुरी, स्वास्थ्य सुरक्षा मापदण्डहरु, जस्तै: साबुन पानीले हात धुने, माक्स र सेनिटाईजरको प्रयोग अनिवार्य रुपमा गर्ने।
- हाट वजार, मेलाजात्रा, महोत्सव, पार्टी, भोज लगायतका भिडभाड हुने कार्य नगर्ने एवं नगराउने।
- COVID-19 को लक्षण देखिएका वा अन्य यस्तै किसिमको स्वास्थ्य समस्या देखिएमा नजिकको आईसोलेसन सेन्टर वा कोभिड उपचार अस्पतालमा सम्पर्क राख्ने।

**सरकारी/सार्वजनिक कार्यालय तथा बैंक/वित्तीय संस्था संचालनसम्बन्धमा**

- सरकारी र सार्वजनिक कार्यालय तथा बैंक/वित्तीय संस्थाहरुमा अनावश्यक भिडभाड हुन नदिने र अत्यावश्यक सेवा प्रवाह गर्ने कार्यालय बाहेक अन्य कार्यालयमा आलोपालो पद्धति अनुसार कर्मचारी खटाई काम सुचारु राख्ने व्यवस्था मिलाउने। घरबाटै गर्न सकिने कामको हकमा Work From Home को व्यवस्था गर्ने, यसरी आलोपालोमा अनुपस्थित हुने कर्मचारीको हकमा कार्यालय प्रमुखले कोभिड काज जनाउने। साथै सरकारी, सार्वजनिक र अत्यावश्यक सेवाका कर्मचारीलाई कार्यालय प्रयोजनार्थ कार्यालयको परिचय पत्रका आधारमा सवारी साधन प्रयोग गर्न दिने।

**पसल तथा व्यवसाय सञ्चालन सम्बन्धमा**

- दैनिक अत्यावश्यक पर्ने ~~औषधी~~, खाद्यान्न, खाना पकाउने ग्यास, तरकारी फलफूल, दुध तथा दुग्धजन्य पदार्थहरु, निर्माण सामग्री लगायत अत्यावश्यक पसल व्यवसायहरु विहान ०५:०० बजेदेखि बिहान ०९:०० बजेसम्म सञ्चालन गर्ने। अन्य पसल तथा व्यवसाय पूर्ण रुपले बन्द गर्ने।
- होटल तथा रेष्टुरेन्टहरुमा भेटघाट तथा जम्मा हुने गरी सेवा प्रदान गर्न नपाइने तथा मदिराजन्य पदार्थको बिक्रीवितरणलाई पूर्ण रुपमा निःषेध गर्ने।

- सिनेमा हल, पार्टी प्यालेस, स्वीमिङ पुल, सपिङ मल, मनोरञ्जन स्थल, पार्क, सैलुन, ब्यूटी पार्लर, जीमखाना, समूहमा खेलिने खेलकुद (ब्याडमिन्टन, फूटबल तथा भलिबल आदि)पुस्तकालय, संग्रहालयआदि सञ्चालन गर्न नपाईने ।

**सवारी साधन सञ्चालन सम्बन्धमा**

- अत्यावश्यक सेवाहरु वाहेकका सबै प्रकारका सार्वजनिक एवं निजी सवारी साधन (चारपाङ्ग्रे तथा दुईपाङ्ग्रे) मिति २०७८ बैशाख २७ गते राती १२:०० बजेदेखि २०७८/०२/०३गते राती १२:०० बजेसम्म पाँचथर जिल्लाभर सञ्चालनमा पूर्ण रुपले रोक लगाउने ।
- अत्यावश्यक सेवाहरु जस्तै एम्बुलेन्स, खानेपानी, ईन्धन तथा लुब्रिकेन्ट, स्वास्थ्य, खाद्यान्न, तरकारी, फलफूल, दुध, तथा दुग्धजन्य पदार्थ, पशुपंक्षी तथा पशुपंक्षीजन्य पदार्थ, मासु तथा मासुजन्य बस्तु बोकेको सवारी साधन, बैङ्क, वित्तीय संस्था, रेडक्रस, दुरसञ्चार, विद्युत, इन्टरनेट, क्वारेन्टिन, आइसोलेसन, फोहोरमैला व्यवस्थापन, कुरियर तथा डाकसेवा लगायतका सवारी साधनहरु विषय उल्लेख गरी स्वास्थ्य सम्बन्धी निर्धारित मापदण्ड अपनाई सञ्चालन गर्न पाउने ।

**उद्योग, कल-कारखाना र निर्माण कार्य संचालन सम्बन्धमा**

- उद्योग तथा कलकारखाना सञ्चालन गर्दा सकेसम्म कम जनशक्तिबाट सञ्चालन गर्ने र त्यस्ता जनशक्तिलाई खान र बस्ने सुविधा उद्योग परिसर भित्रै मिलाउने, छुट्टै क्वारेनटाइनको व्यवस्था सम्बन्धित उद्योगले गर्ने।
- राष्ट्रिय गौरब र महत्वका आयोजना/परियोजनाको निर्माण कार्यलाई स्वास्थ्य सम्बन्धि निर्धारित मापदण्ड अपनाई निरन्तरता दिने । निर्माण सामाग्री बोकेका सवारी साधन चल्न पाउने ।
- सार्वजनिक तथा निजी निर्माण कार्य गराउँदा कामदारलाई स्वास्थ्य सम्बन्धि निर्धारित मापदण्ड अपनाई निर्माण स्थलमा नै राख्ने व्यवस्था मिलाएर सञ्चालन गर्ने र वाहिरी जिल्लाबाट कामदार ल्याउँदा वा पठाउँदा अनिवार्य रुपमा जिल्ला प्रशासन कार्यालयबाट अनुमती लिने ।

**विवाह तथा मृत्यु संस्कार सम्बन्धमा**

- विवाहको लागि दुलाहा दुलही सहित बढिमा २ वटा सवारी साधनमा १५ जनासम्म व्यक्ति व्यानर राखेर स्वास्थ्य मापदण्को पालना गरी जिल्ला भित्र वा अन्य जिल्लामा आवत जावत गर्नु पर्दा अनुमति पास आवश्यक नपर्ने ।
- विवाह (दुलाहा दुलही सहित) तथा ब्रतबन्ध आयोजनाका लागि २५ जना भन्दा बढी नहुने गरी अनिवार्य स्वास्थ्य मापदण्ड पालना हुने गरी सहभागी हुन पाउने ।
- मृत्यु संस्कार, बिरामी कुरुवाको रुपमा अनिवार्य सहभागी हुनु पर्ने व्यक्तिले अन्य जिल्लामा जानु पर्दा सम्बन्धित व्यक्तिले उक्त व्यहोरा खुल्ने कागजात (निवेदन, अस्पतालको कागजात वा सम्बन्धित स्थानीय तहको सिफारिस) सहित जिल्ला प्रशासन कार्यालयमा अनुमतिका लागि निवेदन पेश गर्नु पर्ने ।

**सीमा नाका सम्बन्धमा**

- विश्व व्यापी रुपमा फैलिदै गईरहेको कोभिड-१९ संक्रमण अत्याधिक बढिरहेकोले सोको नियन्त्रणका लागि पाँचथर जिल्लाको सीमा नाकाबाट विदेशी नागरिकको प्रवेश स्थगन गर्ने। आपूर्ति प्रणाली सुचारु राख्न सीमा नाका यथावत सञ्चालन गर्ने । आपूर्ति प्रणाली सम्बद्ध ढुवानी साधनका चालक र सहचालकलाई स्वास्थ्य मापदण्ड पालना गर्ने गरी आवत जावत गर्न दिइने ।
- पाँचथर जिल्लाको सीमा नाकाबाट प्रवेश गर्ने नेपाली नागरिकहरुको अभिलेख राख्ने, एन्टिजेन परीक्षण गर्ने, परीक्षणबाट पोजिटिभ देखिएकालाई आवश्यकता अनुसार नजिकको आइसोलेसन केन्द्र वा कोभिड अस्पतालमा थप उपचार गराउने, नेगेटिभ देखिएकालाई आवश्यक समन्वय गरी निजको गन्तव्यमा पठाउने व्यवस्था मिलाउने। यसको जानकारी सम्बन्धित स्थानीय तहलाई गराउने।

**सभा सम्मेलनको हकमा**

- सबै प्रकारका सभा, सम्मेलन, जुलुस, गोष्ठी, तालिम, सेमिनार, भेलाजम्मा जस्ता कार्यहरु संचालन गर्न नपाइने ।

**निर्णय नं.३**

- जिल्ला अस्पताल, पाँचथरले सञ्चालन गरेको कोभिड उपचार केन्द्रलाई प्राप्त भएको भेन्टिलेटर चार थान पूर्ण रुपमा संचालन र व्यवस्थापन गर्न लाग्ने जनशक्ति, उपकरण तथा अन्य व्यवस्थापनको लागि सम्बन्धित निकायहरुसँग अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ४ विविध**

- सञ्चारकर्मी/पत्रकारको हकमा सूचना संकलन तथा सम्प्रेषण गर्न सूचना बिभागले जारी गरेको परिचय पत्र वा सम्बन्धित संचार गृह वा पत्रकार महासंघको परिचयपत्रको आधारमा आवत जावत गर्न दिईने ।
- अत्यावश्यक उपयोग्य बस्तु वा सेवाको आपूर्तिमा कृतिम अभाव सिर्जना गर्ने, मूल्य वृद्धि गर्ने, जम्माखोरी गर्ने, लुकाउने वा आपूर्तिमा अवरोध गर्नेहरु उपर कानून बमोजिम कडा कारवाही गर्ने।
- Oxygen को अबैध निकासी, कालो वजारी एवं कृतिम अभाव हुन नदिन प्रभावकारी रुपमा अनुगमन/ निरीक्षण गर्ने ।
- जिल्ला स्वास्थ्य कार्यालय, पाँचथरले पाँचथर जिल्लाका Oxygen र Oxygen Cylinder हरुको आंकलन र उपलब्धता सुनिश्तिता गरी बैशाख महिना भित्र DCCMC पाँचथरलाई जानकारी गराउने ।
- पाँचथर जिल्लाको राष्ट्रिय जनगणना २०७८ का सम्पूर्ण गतिबिधीहरु स्थगन गर्ने ।
- कोभिड-१९ संक्रमणबाट मृत्यु भएका व्यक्तिहरुको शव व्यवस्थापन सम्बन्धित स्थानीय तहले गर्ने र उक्त कार्यमा सँलग्न हुने नेपाली सेनाको जनशक्तिलाई सोही दिनवाट होटल व्यवस्थापन, आवश्यक PPESet, DeadBodyBag लगायत शव व्यवस्थापनका लागि आवश्यक पर्ने सामग्री सम्बन्धित स्थानीय तहले तत्कालै प्रदान गर्ने। सदरमुकामस्थित फिदिम नगरापालिकाले शव व्यवस्थापन गर्नु परेमा यसको सम्पूर्ण व्यवस्थापन गरी सम्बन्धित पालिकाबाट सोधभर्ना लिने गरी व्यवस्थापन गर्ने ।

२०७८-१-२३

Adhikari

- जिल्ला प्रशासन कार्यालय, पाँचथर र स्वास्थ्य कार्यालय, पाँचथरको समन्वयमा प्रदेश स्वास्थ्य आपूर्ती व्यवस्थापन केन्द्र प्रदेश नं.१ विराटनगरबाट निम्न बमोजिमका कोभिड-१९ औषधी प्राप्त भएको व्यहोरा जानकारी भयो ।

**प्राप्त उपकरण तथा सामाग्रीहरुको परिमाणको तालिका**

| प्राप्त उपकरण तथा सामाग्रीहरु | परिणाम |
|---|---|
| १. एन्टिजिन किट | २०० थान |
| २. सर्जिकल माक्स | ३००० थान |
| ३. पि.पि. सेट | १०० थान |
| ४. सेनिटाईजर (सानो) | ५०० मि.लि. २० थान |
| ५. सेनिटाईजर (ठूलो) | ५ लिटर २ थान |
| ६. थर्मलगन | २० थान |
| ७. ग्लोभ्स | २०० जोर |
| ८. फेस शिल्ड | १०० थान |
| ९. N95 माक्स | १०० थान |

- आदेशको अवहेलना गर्ने वा काममा बाधा पुऱ्याउने व्यक्तिलाई संक्रामक रोग ऐन, २०२० तथा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।
- पाँचथर जिल्लाका कोभिड-१९ बाट संक्रमितहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।

Adhikari

२०७८-५-२५